# गोकर्णेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जोरपाटी, काठमाडौं

**जेनेरेटर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र अव्हान गरिएको सूचना**

(पत्रिकामा प्रकाशित मिति २०७५।१।३०

यस नगर कार्यपालिकाको कार्यालयको लागि आ.व.०७४।७५ मा आवश्यक पर्ने स्वीकृत स्पेशिफिकेसन अनुसारको जेनेरेटर खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले आय कर तथा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट निम्नानुसारका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना यस नगर कार्यपालिकाको कार्यालयको सूचना पाटी तथा वेवसाईट www.gokarneshwomun.gov.np मा हेर्न सकिने छ। विस्तृत जानकारी लागी नगर कार्यपालिकाका कार्यालयको (कोठा नम्वर २०२) मा सम्पर्क राख्न सकिने छ।

१. दरभाउपत्र फारम रु.१०००। (फिर्ता नहुने गरी) तिरी १५ औं दिनको कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालयको खरिद शाखा, बाट खरिद गर्न सकिने छ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गरी १६ औ दिन १२.०० बजे भित्र खरिद शाखा (कोठा नम्वर २०२ ) मा दाखिला गरी सक्नु पर्नेछ।

३. सिलवन्दी दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा दरभाउपत्र जमानत वापत रकम रु २८,०००।- (अक्षरुपी अठाईस हजार) मात्र यस नगरपालिकाको नाममा रहेको कृषि विकास बैंक शाखा कार्यालय जोरपाटीमा रहेको धरौटी खाता न. ०२१०८०११४६१५६०८३ मा नगद जम्मा गरेको बैंक भौचर वा सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको वाणिज्य बैंकद्वारा यस नगरपालिकाको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेन्टी (विडवण्ड) पेश गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र फारमसाथ सम्वन्धित दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र पेशा सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनु पर्नेछ।

५. पर्न आएका सिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दिन दिनको २:०० बजे खरिद शाखामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। निजहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा परेमा सो पछि क्रमश कार्यालय खुलेको दिनलाई मानिने छ।

७. बिल अफ क्वाण्टिटिजमा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सो को जोड जम्मा रकममा मूल्य अभिबृद्धि कर (VAT) समेत जोडी कूल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ।

८. रित नपुगेको, म्याद नाघि प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नबुझिने दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

९. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ।

१०. दरभाउपत्र फाराम खरिद कार्य यस नगर कार्यपालिकाको आर्थिक प्रशासन शाखाबाट हुनेछ। दरभाउपत्र दाखिला सम्विन्धी कार्य नगर कार्यपालिकामा मात्र हुनेछ।

११. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बामोजिम हुनेछ। विस्तृत जानकारी लिन चाहेमा नगरकार्यपालिकामा सम्पर्क राख्न सकिनेछ।

१२. यो सूचना यस नगर कार्यपालिकाका कार्यालयको सूचनापाटीमा पनि हेर्न सकिने छ।

प्रमुख प्रशासकिय अधिकृत
दिपक कोइराला